# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ४७२ मितिः २०६४/१२/३

**नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय थापाथली लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्ग र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरु एवं इजाजत प्राप्त अन्य निकायहरु**

**विषयः-** भारतमा उच्च शिक्षा अध्ययन गर्न जाने तथा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा सम्वन्धमा ।

महाशय,

यस विभागको इ.प्रा. परिपत्र संख्याः- ४४८ मिति २०६४।३।२२ को परिपत्रबाट उल्लिखित विषयमा भारत वाहेकका मुलुकका लागि मात्र परिवर्त्य विदेशी मुद्राको सटही सुविधा उपलव्ध गराउन सकिने व्यवस्था गरिएकोमा अध्ययन गर्ने विद्यार्थी, निजको अभिभावक/वावु/आमाको परिवर्त्य बिदेशी मुद्राको खाता भएमा भारत स्थित विश्व विद्यालयहरुमा अध्ययनका लागि समेत सो खाता खर्च हुने गरी परिवर्त्य विदेशी मुद्राको सटही सुविधा देहायका शर्तहरुको अधिनमा रही प्रदान गर्न सकिने व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**शर्तहरु**

१. इ.प्रा. परिपत्रसंख्याः ४४८ मिति २०६४।०३।३२ को परिपत्रको दफा १,३,४,६,८ र दफा २ को भिसा वाहेकका शर्तहरु पुरा भएको हुने पर्ने ।

२. निर्वाह खर्च विदेशी मुद्रामै आवश्यक पर्ने भएमा सम्वन्धित विश्व विद्यालय/कलेजको पत्र, Brochures, Invoice जस्ता अधिकारीक कागजातको आधारमा सोही विश्व विद्यालय/कलेजको नाउँमा मात्र उपलव्ध गराउनु पर्ने र विद्यार्थीको नाममा भा.रु. वाहेक अन्य बिदेशी मुद्रामा निर्वाह खर्च पठाउन नपाइने ।

३. इ.प्रा. परिपत्र संख्याः ४४८ को दफा ७ मा उल्लेख भए वमोजिमको निर्वाह खर्च भारतको हकमा प्रदान गर्न नपाइने ।

४. बिद्यार्थी, निजको अभिभावक/वावु/आमाको परिवर्त्य विदेशी मुद्रा खातामा रहेको मौज्दातले भ्याएसम्म मात्रको सटही सुविधा प्रदान गर्न सकिने अर्थात प्रचलित बजार दरबाट खरीद गरी बिदेशी मुद्राको सटही सुविधा प्रदान गर्न नमिल्ने ।

५. यस सम्वन्धि अन्य व्यवस्थाहरु इ.प्रा. परिपत्र संख्याः ४४८ मिति २०६४।०३।३२ को परिपत्रमा उल्लेख भए वमोजिम हुने ।

भवदीय,

(रामजी रेग्मी)
कार्यकारी निर्देशक

बोधार्थः
१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय
३ बैंक तथा वित्तीय संस्था नियमन विभाग
४. बैंक सुपरिवेक्षण विभाग
५. वित्तीय सस्था सुपरिवेक्षण विभाग
६. आन्तरिक लेखा परिक्षण विभाग
७. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. नेपाल बैकर्स संघ
९. नेपाल विकास बैंक संघ ।